ऐन १४
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति :२०७६।९।२८

# वागमती नगरपालिकाको
# नदीजन्य पदार्थ (ढुंगा , गिटी ,वालुवा ) उत्खनन, संकलन र विकी वितरण सम्बन्धि ऐन, २०७६

**नगरसभाबाट पारित मिति : २०७६|०९|२४**

**१. प्रस्तावना :**

वागमती नगरपालिका क्षेत्र भित्र रहेको वागमती नदीबाट वालुवा, ढुंगा, गिटी, वालुवाको उत्खनन, संकलन तथा विकि वितरणलाई ब्यवस्थित गरि पर्यावरणीय जोखिमलाई न्युनिकरण गर्दै विकास निर्माणको आवश्यकता समेत पुरा गर्न कनुन वानाउन वाञ्छनीय भएकोले बागमती नगरपालिकाको नगरसभाले यो ऐन वनाई लागु गरिएको छ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्ययोजनामा-

(क) "ऐन " भन्नाले **वागमती नगरपालिकाको नदिजन्य पदार्थ( ढुंगा , गिटी वालुवा ) उत्खनन, संकलन र विकी वितरण सम्बन्धि ऐन २०७६** लाई सम्झनु पर्दछ ।

(ख) "नगरसभा" भन्नाले वागमती नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

(ग) "अनुगमन समिति " भन्नाले यस ऐनको दफा ८ (१) मा उल्लेखित नगरस्तरीय अनुगमन समति सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले वागमती नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले वागमती नगरपालिका सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(छ) "घाटगद्दी" भन्नाले ढुंगा,गिटी, वालुवा,माटो,चटान, दहत्तर , वहत्तर संकलन वा उत्खनन भएको स्थानलाई जनाउंदछ ।

(ज) " नदीजन्य पदार्थ" भन्नाले वागतमती नगर क्षेत्रको सार्वजनिक वा सरकारी जग्गा वा नदीमा उपलब्ध भएको बहुमुल्य पत्थर,ऐतिहासकि र सांस्कृतिक महत्वका शालिग्राम, शिला र अति मुल्यवान वस्तुवाहेकका ढुंगा, गिटी, वालुवा , रोडा, ग्रेगान, माटो, जस्ता पदार्थ सम्झनु पर्छ ।

(झ) "वतावरणीय मुल्यांकन " भन्नाले प्रारम्भिक वातावरणीय मुल्यांकन वा वातवरणीय प्रभाव मुल्यांकन भन्ने बुझिन्छ ।

**३) ऐनको उद्देश्य :**

(१) नदीजन्य पदार्थको उत्खन्नलाई ब्यवस्थित वनाउने ।

(२) प्रदेश सरकार तथा नेपाल सरकारबाट भए गरेका निर्णय कार्यान्वयन गर्ने र गराउने ।

(३) विकास निर्माणको लागि एंव स्थानीय उभोक्तालाई नदीजन्य पर्दा ( ढुंगा,गिटी, बालुवा, माटो, चटान, दहत्तर,बहत्तर) सुलभ र दीगो रुपमा उपलब्ध गराउने ।

(४) विकास र पर्यावरण वीच सन्तुलित सम्बन्ध कायम राख्ने ।

ऐन १४
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति :२०७६।९।२८

(५) ढुंगा,गिटी, बालुवा, माटो, चटान, दहत्तर,बहत्तर विक्री वितरण गरी दीगो आन्तरिक स्रोतको व्यवस्था गर्ने ।

**४ ) उत्खनन गर्न हुने र नहुने क्षेत्रहरु** : ( १) सामान्यत: वातावरणीय मुल्यांकनमा उल्लेखित क्षेत्रबाटमात्र ढुंगा,गिटी, बालुवा, माटो, चटान, दहत्तर,बहत्तर उत्खनन गर्ने व्यवस्था मिलाउनु पर्ने छ । तर हालको नदीको वहाव तथा जोखिमको आधारमा नगरस्तरीय अनुगमन समितिले यस्तो क्षेत्रलाई थपघट गर्न सक्ने छ । नगरपालिकाको कुनै आयोजना कार्यान्वयन गर्नु परेमा कार्यपालिकाले निर्णय गरि वातावरणीय मुल्यांकन नभएको स्थानबाट समेत नदिजन्य पदार्थ उत्खनन गर्न बाधा पर्ने छैन ।

**५) नदीजन्य पदार्थ उत्खनन्** : (१) उत्खनन् हुने परिमाण एकिन गर्दा अनुगमन समिति, नगरपालिकाको जनप्रतिनिधि, प्राविधिक कर्मचारी तथा स्थानीय बासिन्दाको रोहवरमा चौकिल्ला निर्धारण गरि निकालिने परिमाण र उत्खनन गरिने गहिराइ समेत जानकारी गराई सिमांकन गर्नु पर्दछ ।

(२) उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनी नांपजांच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने सांध, किल्ला र निशानाका आधारमा परिमाण एकिन गरे पछि मात्र सो घाटबाट उत्खनन कार्यको थलनी गर्नु पर्ने छ । यसरी उत्खनन गरेको सिमाभित्रबाट मात्र उत्खनन कर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सक्ने छ ।

(३) उत्खनन गर्दा नगरपालकाको प्रतिनिधि वा कर्मचारीको रोहवरमा मात्र रेखांकन गरिएको घाट क्षेत्र भित्रबाट मात्र उत्खनन् गर्नु पर्ने छ ।

(४) यान्त्रिक उपकरण प्रयोग गर्न वातावरणीय मुल्यांकनमा उल्लेख भएको हकमा भारी यान्त्रिक उपकरण ( स्काभेटर) समेत प्रयोग गर्न पाइने छ । नदीको वर्तमान अवस्था, यसले पार्न सक्ने जोखिम समेतलाई विचार गरी आवश्यकताको आधारमा नगरपालिकास्तरीय अनुगमन समितिले वातवरणीय मुल्यांकनमा उल्लेख नभएता पनि भारी यान्त्रिक उकरण ( स्काभेटर) प्रयोग गर्न अनुमती दिन सक्ने छ । यान्त्रिक उपकरणको प्रयोग गर्न अनुमती दिने वा नदिने भन्ने अन्तिम निर्णय नगरस्तरीय अनुगमन समिति वा नगरकार्यपालिको हुने छ ।

(५)नदी जन्य पदार्थ ओसार पसार गर्ने मार्ग अनुमगन समितिले तोके बमोजिम हुने छ ।

(६)उत्खनन पश्चात छनौट गरि छाडिएको काम नलाग्ने बस्तु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगि छाड्नु पर्ने

(७) उत्खनन गर्दा तोकिएको गहिराई सम्म मात्र खाडल नदेखिने गरि उत्खनन गर्नु पर्ने छ ।

(८) उत्खनन गर्दा पानीको सतहभन्दा १५ सेन्टिमिटर माथी छाड्नु पर्ने छ ।

(९) उत्खनन स्थलमा काम गर्ने कामदारको लागि अस्थायी शौचालयको प्रवन्ध गरी उत्खनन स्थलमा मल मुत्र त्याग गर्न निषेध गर्नु पर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(१०) उत्खननको लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरी उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विविध र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगाएतका कुरा जानकारी मुलक सुचना बोर्ड तयार गरि राख्नु पर्ने छ ।

**६) नदीजन्य पदार्थको ओसार पसार गर्ने विधि** : नदीजन्य पदार्थ ओसार पसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्ने छ :

(१)-नदी प्रवेश आदेश लिए उत्खनन गरिने घाटमा प्रवेश गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधि भर नदी प्रवेश आदेश र राजश्व आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्ने छ ।

ऐन १४
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति :२०७६।९।२८

(२) नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सवै विवरण स्पष्टसंग भर्न लगाई लिनु पर्ने छ । पटके आदेशमा उल्लेखित ( मिति, समय, सवारी नं., ढुवानी गरी लैजाने स्थल,परिमाण,पदार्थको प्रकार उल्लेख गर्नु पर्ने छ।

(३) नदीजन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसार पसार गर्ने समय विहान ८:०० बजे देखि साझ ६ :०० बजे सम्म हुने छ।

(४) नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र २५० घन फिट. सम्मको ट्रक । टिपर मात्र प्रयोग गर्न दिने सो को अनुगमनको प्रवन्ध अनुगमन समिति र स्थानीय प्रहरीले गर्ने।

(५) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतीमा सवारी साधन गुडाउन पाइने छैन्।

(६) धुलो उड्न नदिन नियमित पानी छर्कने व्यवस्था उत्खनन कर्ताले गर्ने छ।

**७ ) उत्खनन परिमाण नियन्त्रण गर्ने :** उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्ने :

(१)अनुगमन समितिले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन आदेश दिनु पुर्व प्रविधिकबाट गरिएको नापजांच तथा रेखांकनका आधारमा पहिलो पटक उत्खनन लाइन दिने।

(२) दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको दैनिक अभिलेख राख्ने।

(३) दैनिक उत्खनन तेरिज तयार गरि नगरपालिकामा पठाउने र नगरकार्यपालिका कार्यालयले त्यसको अभिलेख राख्ने व्यवस्था गर्ने।

**८ ) अनुगमन सम्बन्धि व्यवस्था :**

(१) वातावरणीय मुल्यांकन प्रतिवेदनको पालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण लगाएतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिम नगरस्तरीय एक अनुगमन समिति रहनेछ।

क) नगर प्रमुख संयोजक
ख) कम्तीमा दूई महिला सहित तीन जना कार्यपालिका सदस्य, सदस्य
ग) स्थानीय नेपाल प्रहरी प्रतिनिधि एक जना , सदस्य
घ) स्थानीय शसस्त्र प्रहरी प्रतिनिधि एक जना , सदस्य
ङ.) नगरपालिकाको प्राविधिक कर्मचारी, सदस्य
च) प्रमुख प्रशासकीय अधिकृत , सदस्य सचिव

(२) अनुगमन समितिले जुन सुकै वेला अनुगमन गरि निर्देशन दिन सक्ने छ।

(३) अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन कार्यदल गठन गर्न सक्ने छ।

(४) पटके नदी प्रवेश आदेश, उत्खनन कर्ताले राख्ने नदिजन्य पदार्थको दैनिक उत्खनन अभिलेख,उत्खनन स्थलमा राख्नुपर्ने सुचना वोर्डको नमुना,नदीजन्य पदार्थको दैनिक पटके विकि अभिलेख तेरिजको ढाचा अनुगमन समितिले निर्धाण गर्न सक्ने ।

(५) यस ऐनमा अन्यत्र उल्लेख गरिएको कार्यहरुको अलवा अनुमगन समिति वा नगरकार्यपालिकाले उत्खनन स्थल निर्धारण, क्षेत्रफल तथा गहिराइको अनुगमन र खन्न सक्ने अधिकतम गहिराईको निर्धारणजस्ता विषयहरुको निर्क्योल गर्न सक्ने।

६) प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिमा प्राविधिक कर्मचारीले सदस्य सचिवको कार्य गर्न सक्ने छ।

ऐन १४
प्रमाणिकरण गर्ने
श्री भरत कुमार थापा
नगरप्रमुख
प्रमाणिकरण मिति :२०७६।९।२८

**९ ) बिक्री बितरण बिधि** :(१) अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि कुनै आयोजनाको सम्बन्धमा सो आयोजनासंग सम्बन्धित कार्यालय वा सम्बन्धित गाउं वा नगरपालिकाबाट सिफारिश भई आएमा वा कुनै ब्यक्ति फर्म वा कम्पनीले आवश्यकता जनाई माग गरेमा नगरप्रमुखले तोके बमोजिमको नदी जन्य पदार्थको परिमाण नगरपालिका नगरकार्यपालिकाको कार्यालको राजश्व शाखामा नगरसभाबाट तोकिएको दरमा लाग्ने दस्तुर जम्मा गरी  लैजान सक्नेे छन् । यसरी नदीजन्य पदार्थ उपलब्ध गराउंदा राष्टिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई पहिलो प्राथमिकतामा राख्नु पर्ने छ ।
(२) उत्खनन , संकलन तथा वितरणको परिमाणको अभिलेख राख्न नगर प्रमुखले उत्खनन स्थलमा आवश्यकता अनुसार कर्मचारी खटाउन सक्ने छ ।

**१० ) बिक्री बितरण दस्तूर** :(१) नदी जन्य पदार्थको दस्तुर नगरसभाबाट स्वीकृत दरमा लाग्ने छ ।

**११ ) घाट गद्दी सम्बन्धि ब्यवस्था र स्थल** : (१) भण्डारण र घाटगद्दी सम्बन्धि ब्यवस्था र स्थल अनुगमन समितिले निर्धारण गर्ने छ ।

**१२ ) विविध** : (१)यस ऐनमा विरोधाभाष उत्पन्न भएमा नगरकार्यपालिकाले ब्याख्या गरि वाधा अड्काउ फुकाउन सक्ने छ । साथै ग्रेभलजन्य पदार्थको विषयमा ब्यवस्थापन गर्ने अन्तिम निर्णयाधिकार नगरकार्यपालिकामा हुने छ। नगरपालिकाले ग्रेभलजन्य पदार्थ विकी गर्ने विधि, तरिका र निर्धारण गर्न सक्ने छ ।

**१३) विशेष ब्यवस्था** : (१) माथिका दफाहरुमा जुनसुकै कुरो लेखिएता पनि नगरपालिकाबाट सञ्चालित कुनै पनि आयोजना निर्माणको कममा पाइएको नदीजन्य पदार्थ ( ढुंगा,गिटी वालुवा तथा दहत्तर वहत्तर)  तथा कुनै बहुमुल्य पत्थर, धातु , काठ,दाउराको नगरकार्यपालिकाले उचित ब्यवस्थापन गर्न सक्ने छ ।
(२)नगरकार्यपालिकाले निर्णय गरि त्यस्तो पदार्थ विकी वितरण गर्न वा कुनै आयोजनामा उपयोग गर्न सक्ने छ । यसरी विकी वितरण गर्ने विधि, तरिका नगरकार्यपालिकाले निर्धारण गर्ने छ ।
(३)त्यस्तो पदार्थ विकी गर्दा नगरसभाले निर्धारण गरेको दरमा अमानतमा वा सोझै वा वढावढमा विकी गर्ने छ ।
(४) यस दफा १३) मा उल्लेखित विषयको हकमा निर्णय गर्ने अन्तिम अधिकार नगरकार्यपालिकामा हुने छ । वातावरणीय मुल्यांकन गर्ने वा नगर्ने ,  कति सम्म गहिराई कायम गर्ने वा नगर्ने, उत्खनन परिमाणको ब्यवस्थापन कसरी गर्ने लगाएत विषयको निर्णय अधिकार नगरकार्यपालिकमा रहने छ ।

**१४) निशुिल्क उपलब्ध गराउन सक्ने** : (१) कुनै संघीय सरकार वा संघीय सरकारका निकायहरु वा प्रदेशसरकार वा प्रदेशसरकारका निकायहरु वा स्थानीय तह वा स्थानीय तहका निकायहरुबाट  आफ्नो आयोजनाको लागि उपयोग हुने गरि निशुल्क नदीजन्य पदार्थ माग गरेमा नगरप्रमुखले त्यस्तो नदिजन्य पदार्थ निशुल्क उपलब्ध गराउन सक्नेछ ।

**१५) नियमावली, कार्यविधि, मापदण्ड र कार्ययोजना बनाउन सक्ने** : १) नगरकार्यपालिकाले यस ऐन बमोजिम नियमावली, कार्यविधि, मापदण्ड र कार्ययोजना बनाउन सक्ने छ ।